जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ३ २०८३ साल साउन ४ गते सोमबार (20 July 2026 Monday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : आर्थिक गतिविधि विस्तारमार्फत... ३ पृष्ठमा : मुक्ति घोषणा भएको चार ... ३ पृष्ठमा जोर्डन घटनापछि अमेरिका...

# सोनारी डाईसहित दुई भारतीय नागरिक पक्राउ








**दैनिक समाचारदाता राजविराज, ३ साउन ।**
सप्तरी प्रहरीले भन्सार छलेर भित्राइएका ठूलो परिमाणको सुन चादीका गरगहना बनाउन प्रयोग गरिने सोनारी डाई (यन्त्र) सहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ।
पक्राउ पर्नेमा भारत बिहार राज्य कटिहार जिल्ला दुर्गापुर ग्राम पञ्चायत वडा ३२ बस्ने ४९ बर्षीय नाहिद मियाँज अख्तर र ५० बर्षीय मो. एकवाल छन्।
जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार राजविराज ७ स्थित उच्च अदालत जनकपुर- राजविराज इजलास अगाडीको सार्वजनिक सडक खण्डमा चेकजाँचको क्रममा उनीहरु पक्राउ परेका हुन्।
उनीहरुले प्रयोग गरेको भारतीय नम्बरको बी आर ३९ ए भी ०८७१ नम्बरको कार चेकजाँच गर्ने क्रममा सिटमुनी र डिक्कीमा लुकाई राखेको ६१८ थान सोनारी डाई बरामद भएको प्रवक्ता घिमिरेले जानकारी दिए।
उक्त सोनारी डाई सुन र चाँदीको गरगहना बनाउन, विभिन्न डिजाईन दिन, कटिङ्ग गर्न र पोलिस गर्न लगायतका कार्यमा प्रयोग हुने सुनचाँदी व्यवसायीहरुले बताएका छन्।
पक्राउ परेका दुबै जनालाई सामान र कारसहित आवश्यक कारबाहीका लागि तिलाठीस्थित राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# विभिन्न माग राख्दै कारागारका कैदीबन्दीहरु आमरण अनसनमा




**दैनिक समाचारदाता राजविराज, ३ साउन ।**
कारागार कार्यालय सप्तरीका कैदीबन्दीले विभिन्न माग राख्दै आमरण अनसनमा बसेका छन्। कारागारका 'ए' ब्लकमा रहेका २ सय १ जना कैदीबन्दी शनिबारदेखि आमरण अनसनमा बसेका हुन्।
आफूहरूविरुद्ध प्रकाशित तथा प्रसारित भ्रामक र तथ्यहीन समाचार सच्याउनु पर्ने, 'बी' ब्लकका चौकीदारमाथि आक्रमण गर्ने दोषी कैदीबन्दीमाथि कानुनी कारबाही गर्नुपर्ने तथा सम्बन्धित कैदीबन्दीको अन्यत्र सरुवा नगरिएसम्म आमरण अनसन जारी रहने उनीहरुको माग छ।
कारागार प्रमुख रूपक मण्डलले गत शुक्रबार लागूऔषध मुद्दामा रहेका केही कैदीबन्दीले 'बी' ब्लकका चौकीदार रामरिझन यादवमाथि आक्रमण गरी घाइते बनाएका घटनामा संलग्न कैदीबन्दीमाथि कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिए।
घाइते चौकीदार रामरिझन यादवले लागूऔषध मुद्दाका ५/६ जना कैदीबन्दीले आफूमाथि आक्रमण गर्दा निधारको फुटेको र चारवटा टाँका लगाउनुपरेको बताउँदै शरीरका विभिन्न भागमा चोट लागेको जनाए।
आइतबार बिहान स्वास्थ्यमा थप समस्या देखिएपछि उनको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा स्वास्थ्य परीक्षण गराइएको थियो।
यता उक्त घटनाको छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवको संयोजकत्वमा छानबिन समिति गठन गरिएको सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जानकारी दिए।

# बेपत्ता श्रीमती पत्ता लगाईदिन श्रीमान्को आग्रह

**दैनिक समाचारदाता राजविराज, ३ साउन ।**
विगत ६१ दिनदेखी बेपत्ता रहेकी श्रीमती पत्ता लगाई दिन भन्दै सप्तरीको विष्णुपुर गाउँपालिका ५ निवासी रमण महतोले सबैसँग आग्रह गरेका छन्।
उनकी २६ बर्षीया श्रीमती निशा घरबाट निस्केको ६1औं दिन सम्म पनि फर्केकी छैन। तीन सन्तानकी आमा निसा सम्पर्कबिहिन भएको आईतबार ६१ औं दिन पुगि सक्दा पनि अवस्था अज्ञात छ। गत जेठ २ शनिबार साँझ ६ बजेदेखि उनी बेपत्ता छिन्।
श्रीमति बेपत्ता भएको खबर पाएपछि वैदेशिक रोजगारीको सिलसिलामा कुवेतमा रहेका श्रीमान रमण महतो घर फर्किसकेका छन्।
प्रहरीमा निवेदन दिएका उनले सञ्चारकर्मीहरुलाई समेत भेटेर श्रीमतिको अवस्था पत्ता लगाउने कार्यमा सहयोग गरिदिन आग्रह गर्दै आएका छन्। उनले जेठ २ गते बिहान ९ बजेतिर श्रीमतिले बोक्ने मोबाईलबाट अन्तिम पटक कुरा भएको र त्यसपछि स्वीचअफ भएको बताएका छन्।
पटक पटक गरी १० बर्ष जति विदेशमा बिताईसकेका उनले सो अवधिमा श्रीमतिलाई पठाएको रकम मध्ये १० लाख रुपैया नगद, ४ तोला सुनको गरगहना र श्रीमतिको नाउँमा खरिद गरिएको १० लाख मुल्य बराबरको जग्गा समेत बेचेर उनी सम्पर्क बिहिन भएको जानकारी दिए।
बुवाको निधन भईसकेकाले तीन नवालक सन्तान र श्रीमतिलाई आमा चन्द्रा देवीको जिम्म दिई आफू विदेशिएको रमणले सुनाए। निसाका माइती, सहपाठी, छरछिमेक तथा चिनजानका सबैमा जानकारी गराई खोज तलाश गर्दा पनि फेला पार्न नसकेपछि जेठ २३ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिएको उनको भनाई छ।
उनका अनुसार केही दिन अघि धनुषाको धनुषाधाम नगरपालिका १४ निवासी ३२ बर्षीय मिथिलेश ठाकुर संगै श्रीमति निसाको फोटो फेसबुकमा सार्वजनिक भएको छ। उनले जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरीमा ठाकुरले प्रलोभन र प्रेमजालमा फँसाएर श्रीमति निसालाई भगाएको उल्लेख गरेका छन्।
उनले श्रीमति निसाले बोक्ने मोवाईलको स्वीच अफ रहने गरेपनि इमोबाट भने ठाकुरले आफुलाई दुई पटक फोन गरेको र उल्टै धम्क्याउने गरेको बताएका छन्। ठाकुरले प्रयोग गर्ने मोवाइलको लोकेशन ट्रेसका लागि प्राविधिक पक्षबाट पनि अनुसन्धान गर्न प्रहरी अधिकारीहरुलाई अनुरोध गर्दै आएका छन।
उनले श्रीमति निशा र उनलाई भगाउने मिथिलेशको खोजतलासका लागि सप्तरीका साथै मिथिलेशको घर रहेको धनुषा र निशाको माइती रहेको सुनसरी जिल्ला प्रहरी कार्यालय समेतमा उजुरी दिएको जनाएका छन्।
जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले निसा र मिथिलेशको पत्ता लगाउन प्रहरीले हरसम्भव प्रयास गरिरहेको बताएका छन्। इमोमा कुरा गर्ने मिथिलेशको लोकेशन लोकेट गर्ने कोशिश भईरहेको बताएका उनले यसका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिएको जानकारी पनि दिए।

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सुरु मै बजेट कार्यान्वयन गर्ने तर्फ अग्रसरता देखाउ

वर्षको अन्तिम समयमा जसरी भएपनि बजेट सकाउने परिपाटीले निरन्तरता पाइरहेको छ। वर्षभरि बजेट निकासा नगरिकन अन्तमा बजेट निकासा गर्ने बानीले विकासको नाममा लुटतन्त्र मचाउँदै आएको छ। विगतमा पनि त्यही परिपाटी र अहिले पनि त्यही बाटो रोजेर गरिने कार्यप्रति तीनै तहका सरकार गम्भिर बन्न सकेको छैन्। कुनै पनि चालु आ.ब.को १० महिनासम्म काम नगर्ने तर, १ देखी २ महिनाको अवधीमा सम्पूर्ण काम सम्पन्न गर्ने पुरानै परिपाटीलाई निरन्तरता दिइने गरिएको पाइएको छ।

यसले भ्रष्टाचारलाई प्रोत्साहन दिइरहेको देखिन्छ। यसरी जनप्रतिनिधिहरु यस्ता विषयमा गम्भिर नहुँदा उनीहरुमाथी विश्वसनियतामा पनि प्रश्न चिन्ह खडा गरेको छ। विकासीय मात्र नभएर अन्य तालिम, गोष्ठी, सेमिनार, सचेतना लगायतका कार्यक्रमहरु पनि वर्षको अन्तिम समयमै गरिन्छ। के वर्षको अन्तिम समयमा यस्ता कार्यक्रमहरु गरेर सकारात्मक सन्देश दिन्छ ? यस्ता कार्यक्रमहरु वर्षको सुरुवातमा गर्न सकिए त्यो कार्यान्वयन पनि हुन्छ सक्छ।

तसर्थ वर्षको सुरुवातदेखी नै बजेट कार्यान्वयन गर्ने तर्फ अग्रसरता देखाउन सके पक्कै पनि त्यसले कामको चाप घट्न सक्छ। यसका लागि सम्बन्धित निकाय तथा तीनै तहका सरकार गम्भिर हुनु अत्यन्त आवश्यक छ।

# आर्थिक गतिविधि विस्तारमार्फत जिडिपी बढाउने मधेसको योजना

**राजु विश्वकर्मा**

जनकपुरधाम, ३ साउन (रासस)।

कुल गार्हस्थ्य उत्पादन ( जिडिपी) मा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदानलाई वृद्धि गर्न प्रदेश सरकारले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि तथा निजी क्षेत्रको लगानी प्रोत्साहनलाई प्राथमिकतामा उच्च प्राथमिकतामा राखेर तदनुरुप कार्यारम्भ गरेको छ।

प्राकृतिक स्रोत, उर्वर कृषि भूमि, प्रशस्त श्रमशक्ति तथा सीमापार व्यापारको पर्याप्त सम्भावना हुँदाहुँदै पनि प्रदेशको आर्थिक क्षमता पूर्ण रूपमा उपयोग हुन नसकेको निष्कर्षसहित सरकारले उत्पादनशील क्षेत्रको विस्तार, औद्योगिकीकरण र लगानी प्रवर्द्धनका कार्यक्रम अघि बढाएको हो।

मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले प्रदेशको जिडिपी बढाउन उत्पादनशील क्षेत्रको विस्तारसँगै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको बताउनुभयो।

"प्रदेशमा उद्योग, व्यापार र सेवा क्षेत्रमा लगानी बढाउन हामीले प्राथमिकता दिएका छौं," उहाँले भन्नुभयो, "गत आर्थिक वर्ष २०८२/८३ मा लगानी सम्मेलनका लागि बजेट विनियोजन भए पनि विभिन्न कारणले आयोजना गर्न सकिएन। उद्योग-व्यवसायमा पर्याप्त लगानी भित्र्याउन नसकेसम्म प्रदेशको जिडिपी उल्लेखनीय रूपमा बढाउन सकिँदैन। त्यसैले चालु आर्थिक वर्ष २०८३/८४ मा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएका छौँ।"

उहाँका अनुसार प्रदेशका पर्यटकीय क्षेत्रको पहिचान, स्तरोन्नति तथा बढीभन्दा बढी पर्यटक आकर्षित गर्ने कार्यक्रम पनि सञ्चालन गरिनेछ। साथै औद्योगिक पूर्वाधार विकास, कृषि उपजमा आधारित उद्योग स्थापना, साना तथा मझौला उद्यम प्रवर्द्धन, सीमावर्ती व्यापार व्यवस्थापन तथा लगानीकर्तालाई प्रशासनिक सहजीकरण उपलब्ध गराउने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको छ। कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास, पर्यटन प्रवर्द्धन, सीमा व्यापार व्यवस्थापन, लगानीमैत्री कानुनी वातावरण निर्माण तथा निजी क्षेत्रसँगको साझेदारीमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उहाँले बताउनुभयो।

मधेस प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा भोगेन्द्र झाले लगानी सम्मेलनजस्ता कार्यक्रमले प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सकारात्मक भूमिका खेल्ने बताउनुभयो। उहाँले लगानी प्रतिबद्धतालाई वास्तविक परियोजनामा रूपान्तरण गर्नु, उद्योग सञ्चालनका कानुनी तथा प्रशासनिक प्रक्रिया सरल बनाउनु तथा निजी क्षेत्रसँग नियमित संवाद आवश्यक रहेको औँल्याउनुभयो।

राष्ट्रिय जिडिपीमा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदान रहेको उल्लेख गर्दै उहाँले उत्पादन, उद्योग, व्यापार तथा सेवा क्षेत्रको विस्तारविना प्रदेशको आर्थिक आकार बढ्न नसक्ने बताउनुभयो।

"प्रदेशको आर्थिक समृद्धिको आधार आर्थिक गतिविधि विस्तार हो," उहाँले भन्नुभयो, "उद्योग स्थापना, कृषि उत्पादनको व्यावसायिकीकरण, लगानीमैत्री वातावरण निर्माण तथा निजी क्षेत्रको सहभागिता बढाउन सके मधेसको जिडिपी उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ।"

नेपाल राष्ट्र बैङ्कले गत कात्तिकमा सार्वजनिक गरेको 'मधेस प्रदेशको आर्थिक गतिविधिसम्बन्धी प्रतिवेदन' अनुसार आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु ६१ खर्ब सात अर्ब रहने अनुमान गरिएको छ भने मधेस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु आठ खर्ब चार अर्ब रहने अनुमान छ। सोही अवधिमा राष्ट्रिय अर्थतन्त्र ३.९९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकामा मधेस प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

प्रतिवेदनअनुसार मधेस प्रदेशको अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान सबैभन्दा बढी ३६.७० प्रतिशत रहेको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम ०.१५ प्रतिशत छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ९३२ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

कृषि क्षेत्रतर्फ खाद्य तथा अन्य बालीको उत्पादन १४.०१ प्रतिशत तथा तरकारी एवं बागवानी उत्पादन ९.७९ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ। दूध, अण्डा र माछा उत्पादनमा पनि क्रमशः ३.१६, ९.६४ र ५.९५ प्रतिशतले वृद्धि भएको छ। यद्यपि फलफूल, मसला तथा मासु उत्पादनमा भने केही गिरावट आएको प्रतिवेदनले देखाएको छ।

नेपाल राष्ट्र बैङ्कले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा आर्थिक वर्ष २०८१/८२ मा भएका आर्थिक गतिविधिका तथ्याङ्कका आधारमा उक्त प्रतिवेदन तयार गरेको हो। प्रतिवेदनमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्षेत्रको अवस्था, चुनौती र सम्भावनाको विश्लेषण गरिएको छ। सरकारी कार्यालय, सम्बन्धित परियोजना तथा उद्योग-प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका साथै सरोकारवालासँगको अन्तरक्रिया र सर्वेक्षणबाट प्राप्त निष्कर्षका आधारमा प्रदेशको समग्र आर्थिक अवस्था र आगामी आर्थिक वर्षको परिदृश्यसमेत प्रस्तुत गरिएको छ।

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

## चट्याङको समयमा सतर्क रहौं।

- बिजुली चम्केको बेला सतर्क रहने।
- बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
- सकभर अग्लो स्थानमा बस्ने।
- धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**जनहीतका लागि : राजगढ गाउँपालिका, सप्तरी**

# मुक्ति घोषणा भएको चार वर्षः हरवाचरवा समुदाय पहिचानबाट वञ्चित

जनकपुरधाम, ३ साउन (रासस)। सरकारले हरवाचरवा मुक्ति घोषणा गरेको चार वर्ष बितिसक्दा पनि आफूहरूको वास्तविक पहिचान र सामाजिक सुरक्षाको विषय अझै अधुरो रहेको हरवाहरवा समुदायले गुनासो गरेका छन्।

चौथो हरवाचरवा मुक्ति दिवसका अवसरमा शनिबार राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा समुदायले कानुनी रूपमा मुक्ति घोषणा भए पनि यस समुदाय अझै पहिचान, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनःस्थापनाबाट वञ्चित रहेका बताएका हुन्। हरवाचरवाको वास्तविक पहिचान र प्रमाणीकरणबिना सरकारले ल्याएको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने भन्दै मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले सरकारसँग चारबुँदे माग गर्नुभयो।

अध्यक्ष मण्डलले 'हरवाचरवा लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका, २०८०' तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्नुपर्ने, तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरणलाई तीव्रता दिनुपर्ने, मधेस प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग समन्वय गरी लगत सङ्कलन तत्काल सुरु गर्न र भूमिहीन हरवाचरवाको अव्यावहारिक विस्थापन रोक्दै भूमि वितरण र पुनःस्थापनाको प्रक्रिया कानुनी र प्रभावकारी रूपमा अघि बढाउन सरकारसँग माग गर्नुभयो।

मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवा समुदायलाई पूर्ण रूपमा मुक्त गर्दै भूमिमाथिको अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा कृषि व्यवसायमा सम्मानजनक पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाए पनि हरवाचरवाको वास्तविक लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण नहुँदा समस्या भएको भन्दै उहाँले माग सम्बोधन गर्न आग्रह गर्नुभयो।

पत्रकार सम्मेलनमा मञ्चका महासचिव लागेन्द्र सदाले कृषि क्षेत्रमा पुस्तौंदेखि बाध्यकारी श्रम गर्दै आएका हरवाचरवाको अधिकांश परिवार ऋणको नाममा न्यून वा बिनाज्यालामा श्रम गर्न बाध्य हुने अवस्था अझै कायम रहेको बताउनुभयो। सन् २०१३ मा अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले गरेको अध्ययनलाई उद्धृत गर्दै उहाँले नेपालमा हरवाचरवाको सङ्ख्या एक लाखभन्दा बढी रहेको उल्लेख गर्नुभयो।

अधिकांश हरवाचरवा अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेका उल्लेख गर्दै द फ्रिडम फण्डका कानुनी सल्लाहकार बलराम भट्टराईले जग्गा र बसोबासको प्रमाणपत्र नहुँदा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सरकारी सेवामा समान पहुँचसमेत प्राप्त गर्न नसकेका बताउनुभयो। असुरक्षित बसोबास, न्यून ज्याला, श्रम स्वतन्त्रताको अभाव, न्यायमा पहुँचको कमी तथा राजनीतिक प्रभावका कारण हुने शोषण हरवाचरवा समुदायको मुख्य समस्या रहेको उहाँको भनाइ छ।

विसं २०७९ साउन २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले हरवाचरवा मुक्तिको घोषणा गर्नुभएको थियो। चार वर्षमा पनि हरवाचरवाको वास्तविक मुक्ति हुन नसकेको बताउँदै भट्टराईले घोषणा मात्र मुक्ति नभई प्रभावकारी कार्यान्वयनबाट मात्र हरवा चरवा समुदायले आफ्नो हकअधिकार पाउने भएकाले यसतर्फ सरकारले ठोस नीति अङ्गीकार गर्नुपर्नेमा जोड दिनुभयो।

# विद्युत् खपत बढाउन पूर्वाधारमा विस्तारमा सरकारको जोड

काठमाडौँ, ३ साउन (रासस)। सरकारले विद्युत् खपत बढाउन नीतिगत एवं प्राविधिक तयारी गरिरहेको बताएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठका अनुसार चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा विद्युतीय पूर्वाधारको विस्तार र स्तरोन्नतिलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। त्यसको खास उद्देश्य नै विद्युत् खपत वृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्नु हो।

खाना पकाउने एलपी ग्यासलाई क्रमशः विस्थापन गर्ने, विद्युतीय सवारीसाधनको प्रयोगलाई वृद्धि गर्ने लक्ष्यअनुसार विद्युतीय पूर्वाधार विस्तारलाई जोड दिइएको छ।

विद्युतीय पूर्वाधार निर्माणका लागि रु ८० अर्ब लगानी गरिँदैछ। भरपर्दो प्रसारण, वितरण, आन्तरिक खपत वृद्धि र ऊर्जा व्यापारलाई केन्द्रमा राखेर मन्त्रालयले निरन्तर काम गरिरहेको मन्त्री श्रेष्ठले बताउनुभयो।

"नागरिकको जीवनशैलीमा परिवर्तन आएको छ। उद्योग व्यवसायको विस्तार भएको छ। देशभर नै विद्युतीय उपकरणको प्रयोगमा बढोत्तरी भएको छ। विद्युतको माग तीव्र गतिमा बढिरहेको छ। जीर्ण तथा न्यून क्षमताका प्रसारण र वितरण पूर्वाधारलाई अत्याधुनिक बनाउने, ट्रान्सफर्मरको स्तरोन्नति गर्ने, प्रसारण प्रणालीमा पछिल्ला प्रविधिको उपयोग गर्ने नीतिअनुसार नै मन्त्रालयले नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ", उहाँले भन्नुभयो।

यसैबीच, प्राधिकरणले आफ्नै स्रोतबाट प्रसारण तथा वितरण प्रणालीको स्तरोन्नतिमा लगानी गर्दै आएको जनाएको छ। चालु आर्थिक वर्षभित्रै विशेष प्राथमिकताका १२ वटा प्रसारण लाइन सम्पन्न गर्ने लक्ष्यका साथ काम थालिएको छ।

चालु आर्थिक वर्षको अन्त्यसम्म ६६ केभी वा सोभन्दा माथिका प्रसारण लाइनको कूल लम्बाइ सात हजार ८४८ सर्किट किलोमिटर पुग्ने छ।

हाल प्रतिव्यक्ति वार्षिक विद्युत् खपत करिब ४६० किलोवाट घण्टा रहेको छ। आगामी १० वर्षभित्र यसलाई एक हजार ५०० किलोवाट घण्टा पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ। प्राधिकरणका अनुसार हाल राष्ट्रिय माग दुई हजार ३१९ मेगावाट बराबर छ। प्राधिकरण, प्राधिकरणका सहायक कम्पनी र निजी क्षेत्रका आयोजना यतिबेला पूर्ण क्षमताका सञ्चालन भइरहेका छन्।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

## चट्याङको समयमा सतर्क रहौं।

- बिजुली चम्केको बेला सतर्क रहने।
- बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
- सकभर अग्लो स्थानमा बस्ने।
- धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**जनहीतका लागि : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### जोर्डन घटनापछि अमेरिका-इरान द्वन्द्व थप चर्कियो

दुबई, ३ साउन (रासस/एपी)।

जोर्डनस्थित अमेरिकी सैन्य अड्डामा भएको आक्रमणमा अमेरिकी सैनिकको मृत्यु भएपछि त्यसको प्रत्युत्तरस्वरूप अमेरिकाले आइतबार इरानको अर्धसैनिक बल 'रिभोलुसनरी गार्ड'का सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ। होर्मुज जलसन्धिलाई केन्द्रमा राखेर जारी द्वन्द्वकाबीच यस घटनाले अमेरिका-इरान तनावलाई थप चर्काएको हो।

मध्यपूर्वमा अमेरिकाका साझेदार राष्ट्रलाई लक्षित गर्दै इरानले जारी राखेको आक्रमण अभियानका क्रममा अमेरिकाले प्रतिकारात्मक कारबाही गरेको हो। युद्ध अन्त्यका लागि भएको अन्तरिम समझदारी विफल भएपछि दुवै पक्षबीचको सैन्य भिडन्त पुनः तीव्र बनेको छ।

अमेरिकाले इरानभित्रका पुल, विद्युत् पूर्वाधार र अन्य रणनीतिक संरचनामा आक्रमण गरिरहेको छ भने इरानले कुवेतका विद्युत् तथा समुद्री पानी प्रशोधन केन्द्रहरूलाई लक्षित गरी जवाफी आक्रमण गरेको जनाएको छ। इरानले आक्रमणको दायरा थप विस्तार गर्ने चेतावनी दिएपछि संयुक्त अरब इमिरेट्सले सुरक्षा सतर्कता बढाएको छ।

अमेरिकी सेनाको 'सेन्ट्रल कमान्ड'का अनुसार आक्रमणमा इरानको तटीय निगरानी तथा हवाई प्रतिरक्षा प्रणाली, समुद्री सैन्य क्षमता तथा क्षेप्यास्त्र र ड्रोन भण्डारणस्थललाई निशाना बनाइएको थियो। विज्ञप्तिअनुसार यस अभियानमा पहिलो पटक 'रिभोलुसनरी गार्ड'का संरचनालाई प्रत्यक्ष रूपमा लक्षित गरिएको हो।

अमेरिकी सेनाले सार्वजनिक गरेको भिडियोमा लडाकु विमान तथा समुद्रबाट प्रहार गरिएका 'टोमाहक क्रुज मिसाइल' प्रयोग गरिएको देखिएको छ। एउटा लक्ष्य पहाडी क्षेत्रमा रहेको सैन्य आधार भएको जनाइएको छ। रिभोलुसनरी गार्डले आफ्ना क्षेप्यास्त्र तथा अन्य सैन्य सामग्री प्रायः पहाडी सुरुङ र आधारमा राख्ने गरेको बताइन्छ। इरानले अमेरिकी आक्रमणबाट भएको क्षतिको विस्तृत विवरण सार्वजनिक गरेको छैन। होर्मुज जलसन्धिलाई केन्द्रमा राखेर जारी द्वन्द्व आठौं दिनमा प्रवेश गरेको छ। विश्वव्यापी तेल तथा प्राकृतिक ग्यासको करिब पाँचौं भाग यही जलमार्ग हुँदै ओसारपसार हुने भएकाले यस क्षेत्रको सुरक्षा विश्व अर्थतन्त्रका लागि महत्वपूर्ण मानिन्छ।

अमेरिकी सेनाका अनुसार जोर्डनस्थित सैन्य अड्डामा इरानको आक्रमणमा दुई अमेरिकी सैनिकको मृत्यु भएको, एक जना बेपत्ता भएका तथा चार जना घाइते भएका छन्। युद्ध सुरु भएयता १६ अमेरिकी सैनिकको मृत्यु भएको र ४३० भन्दा बढी घाइते भएको अमेरिकी पक्षले जनाएको छ। इरानी अधिकारीका अनुसार अमेरिकाको पछिल्लो आक्रमणमा कम्तीमा ५० जनाको मृत्यु भएको छ भने ५०० भन्दा बढी घाइते भएका छन्।

### युक्रेनी ड्रोन विकासकर्तासँग जापानको सहकार्यप्रति रुसको आपत्ति

मस्को, ३ साउन (रासस/सिन्ह्वा)।

युक्रेनी ड्रोन विकासकर्तासँगको सहकार्यमार्फत जापानले रुसी नागरिकको हत्यामा सहयोग पुर्‍याएको आरोप लगाउँदै रुसी उपविदेशमन्त्री एन्ड्रे रुडेन्कोले शनिबार जापानी कदमको निन्दा गर्नुभएको छ। रुसी समाचार संस्था टाससँगको अन्तर्वार्तामा रुडेन्कोले युक्रेनले रुसी भू-भागमा नागरिक लक्ष्यविरुद्ध व्यवस्थित आतङ्कवादी गतिविधि सञ्चालन गरिरहेको आरोप लगाउँदै किएभसँग जापानको यस्तो सहकार्यलाई खुला रूपमा शत्रुतापूर्ण कार्यका रूपमा लिएको बताउनुभयो।

"युक्रेनी ड्रोनले रुसी नागरिकलाई मारिरहेका छन् र टोकियोले उनीहरूलाई त्यसो गर्न सहयोग गरिरहेको छ," उहाँले भन्नुभयो। रुडेन्कोले रुस-युक्रेन द्वन्द्वमा जापानको बढ्दो संलग्नताले यसअघि नै तनावपूर्ण अवस्थामा रहेको रुस-जापान सम्बन्धलाई थप कमजोर बनाइरहेको दाबी गर्नुभयो। उहाँले जापानको युक्रेनसम्बन्धी नीतिले दुई देशबीचको सम्बन्धमा दीर्घकालीन असर पार्न सक्ने चेतावनीसमेत दिनुभयो।

### अफगानिस्तानको मरुभूमि हुँदै सीमा पार गर्ने क्रममा पाँच जनाको मृत्यु, १४ बेपत्ता

काबुल, ३ साउन (रासस/सिन्ह्वा)।

पश्चिमी अफगानिस्तानको निमरोज प्रान्तस्थित मरुभूमि हुँदै इरान प्रवेश गर्ने क्रममा पाँच अफगान नागरिकको मृत्यु भएको छ भने १४ जना बेपत्ता भएका छन्। स्थानीय सञ्चारमाध्यम टोलोन्युजका अनुसार, उनीहरू सीमा पार गर्ने क्रममा मरुभूमिमा अलपत्र परेका थिए। सुरक्षाकर्मीले निमरोज प्रान्तको मरुभूमिबाट पाँच जनाको शव फेला पारेका हुन्। उनीहरू इरान प्रवेश गर्ने उद्देश्यले हेल्मन्द र निमरोज प्रान्तमा फैलिएको दुर्गम मरुभूमि क्षेत्र हुँदै अघि बढेको १९ जनाको समूहमा रहेका थिए।

स्थानीय अधिकारीका अनुसार उक्त समूह मरुभूमिमा बाटो बिराएर अलपत्र परेको हुन सक्ने अनुमान गरिएको छ। अत्यधिक गर्मी र पानीको अभावका कारण उनीहरूको मृत्यु भएको हुन सक्ने आशङ्का गरिएको छ। बेपत्ता रहेका १४ जनाको खोजीका लागि सुरक्षाकर्मीले अभियान सञ्चालन गरिरहेका छन्। उद्धार कार्य जारी रहेको अधिकारीले बताएका छन्।

# जनआवाजलाई सशक्त रूपमा प्रस्तुत गर्न सांसदहरूलाई अध्यक्ष ओलीको निर्देशन



काठमाडौं, ३ साउन (रासस)। नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओलीले जनताको आवाजलाई तथ्य, तर्क, अध्ययनसहित सशक्त रूपमा संसद्मा प्रस्तुत गर्न आफ्ना सङ्घीय सांसदहरूलाई निर्देशन गर्नुभएको छ।

एमालेको केन्द्रीय संसदीय विभागले आइतबार पार्टी केन्द्रीय कार्यालय, च्यासलमा आयोजना गरेको प्रशिक्षण कार्यक्रममा सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री ओलीले तथ्यमा आधारित बहस, जनसरोकारका मुद्दाको गहिरो अध्ययन र राष्ट्रिय हितलाई केन्द्रमा राखेर संसद्मा प्रभावकारी भूमिका निर्वाह भएमा त्यसले लोकतान्त्रिक अभ्यासलाई थप सशक्त बनाउने विश्वास पनि व्यक्त गर्नुभयो।

“बलियो प्रतिपक्ष भनेको केवल सरकारको आलोचना गर्ने शक्ति मात्र होइन। एमालेले राजनीतिक अनुभवलाई विज्ञहरूको ज्ञान, अनुसन्धान र बौद्धिक क्षमतासँग जोड्ने हिसाबले यो प्रशिक्षण गरेको छ”, उहाँले भन्नुभयो, “जनताको आवाज नीति निर्माण तथ्य र प्रमाणमा आधारित भएर अझ बुलन्द बनाउन, सरकार अझ बढी जवाफदेही बनाउन तपाईंहरू सक्षम, जिम्मेवार र दूरदर्शी प्रतिपक्षको नयाँ मानक स्थापित गर्न लाग्नुपर्नेछ।”

कार्यक्रममा पार्टीका उपाध्यक्ष एवं संसदीय दलका नेता रामबहादुर थापा ‘बादल’, उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ, महासचिव शङ्कर पोखरेल, संसदीय दलका उपनेता पद्माकुमारी अर्यालगायतले प्रशिक्षण दिनुभएको थियो।

# ‘ऐन बनाएर हरवा चरवा समुदायको समस्या समाधान गर्छौं’

जनकपुरधाम, ३ साउन (रासस)। मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलले ऐन बनाएर हरवा चरवा समुदायको समस्या समाधान गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

मुक्त हरवा चरवा समुदायका लागि जलवायु न्याय र सामाजिक समावेशीकरण विषयक मधेस प्रदेशस्तरीय दलित अधिकार सम्मेलनको आइतबार महोत्तरीको बर्दिबासमा उद्घाटन गर्दै मन्त्री पटेलले मधेसमा रहेका हरवा चरवाको समस्यालाई गम्भीर रूपमा लिइएको भन्दै र ऐन बनाएर छिट्टै समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

हरवा चरवा समुदायको वास्तविक तथ्याङ्क सङ्कलन, प्रमाणीकरण गरी जीविकोपार्जनका कार्यक्रमका लागि प्रदेश सरकारले नीति कार्यक्रममा हरवा चरवा समुदायलाई सम्बोधन गरेको उल्लेख गर्दै मन्त्री पटेलले हरवा चरवाको समस्या दिगो रूपमा समाधान गर्न छुट्टै ऐन निर्माण गरिने जनाउनुभयो।

विगतमा प्रदेश सरकारले हरवा चरवाको समस्या समाधान गर्न ऐन निर्माणको प्रक्रिया थालेपनि सरकार परिवर्तनका कारण रोकिएको बताउँदै उहाँले यथाशीघ्र ऐन बनाएर काम अघि बढाइने जानकारी दिनुभयो। हरवा चरवा दलित समुदाय सम्बद्ध नभएसम्म मुलुक सम्बद्ध हुन नसक्ने भएकाले दलित समुदायको जीवनस्तर सुधारलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उहाँको भनाइ छ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य गणेश विश्वकर्माले हरवा चरवा मुक्त घोषणा भएको चार वर्ष बितिसक्दा हरवा चरवाको अवस्था र नियति नफेरिएकाले मधेस प्रदेश सरकारले ठोस नीति बनाएर उचित सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो।

मधेस प्रदेशमा ठूलो समस्याका रूपमा देखिएको हरवा चरवाको समस्यालाई प्रदेश सरकारले गम्भीरता पूर्वक लिएर वास्तविक तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र तथा जीविकोपार्जनका कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिँदै उहाँले यस समुदायको समस्या समाधान गर्न प्रदेश सरकारले प्रदेशस्तरीय समिति तत्काल गठन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

राष्ट्रिय हरवा चरवा मञ्चका अध्यक्ष दशनलाल मण्डलले कानुनी रूपमा मुक्ति घोषणा भए पनि यो समुदाय अझै पहिचान, भूमिअधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनःस्थापनाबाट वञ्चित रहेको गुनासो गर्नुभयो। अधिकांश हरवा चरवा अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेको उल्लेख गर्दै उहाँले बसोबासको प्रमाण नहुँदा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सरकारी सेवामा समान पहुँचसमेत प्राप्त गर्न नसकेको बताउनुभयो।

राष्ट्रिय दलित नेटवर्क नेपाल, सामुदायिक सुधार केन्द्र धनुषा, दलित जनकल्याण युवा क्लब सिराहा, जनचेतना दलित संगम सप्तरी, श्रीपुर्राज सामुदायिक विकास केन्द्रलगायत संस्थाको संयुक्त आयोजनामा सुरु भएको कार्यक्रममा मधेस प्रदेशका आठ वटा जिल्लाका दलित हरवा चरवा समुदायका अगुवाहरूको सहभागिता रहेको द फ्रिडम फण्डका कानुन सल्लाहकार बलराम भट्टराईले जानकारी दिनुभयो।

# नारायणगढ-मुग्लिन सडकमा सवारी आवागमन बन्द

चितवन, ३ साउन (रासस)। स्थानीय प्रशासनले नारायणगढ-मुग्लिन सडक र चितवनतर्फको पृथ्वी राजमार्ग आइतबार राति १० बजेदेखि बन्द गर्ने भएको छ।

जिल्लाका विभिन्न स्थानहरुसहित धादिङलगायत जिल्लामा पहिरोको जोखिम भएकाले नारायणगढ-मुग्लिन-काठमाडौं सडक राति १० बजेपछि बन्द रहने जनाएको छ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालद्वारा जारी सूचनामा रातको समयमा सवारी सञ्चालन राखिरहँदा हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै सवारी बन्द गरिएको उल्लेख छ।

रातिमा सवारीसाधन र यात्रा गर्दा स्थानीय प्रशासन र सरोकारवाला सुरक्षा निकायसँग समन्वय गरी मात्रै गर्न सूचनामा अनुरोध गरिएको छ। वर्षातका कारण शनिबार रातिसमेत यो सडक बन्द गरिएको थियो।

# सुशासनलाई केन्द्रमा राखेर संविधान संशोधन गरौं: सभापति थापा




गण्डकी, ३ साउन (रासस)। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सुशासनलाई केन्द्रमा राखेर संविधान संशोधनको बहस चलाउनुपर्ने बताउनुभएको छ।

प्रजातान्त्रिक विचार समाज, कास्कीद्वारा आइतबार पोखरामा आयोजित ‘संविधान संशोधन सुझाव’ विषयक विचार गोष्ठीमा सभापति थापाले संविधान संशोधनका लागि पहिला प्राथमिकता निर्धारण गर्नुपर्ने बताउनुभयो।

“सुशासन, संविधानको संस्थागत विकास र सङ्घीयताको सवलीकरणका लागि संविधान संशोधन गर्ने विषयलाई नेपाली कांग्रेसले आफ्नो चुनावी प्रतिज्ञापत्रमै उल्लेख गरेको थियो”, सभापति थापाले भन्नुभयो, “सुशासन अहिलेको सबैभन्दा महत्वपूर्ण कुरा हो, नयाँ पुस्ताले पनि यही विषय उठाइरहेको छ, सुशासनलाई केन्द्रमा राखेर संविधान संशोधनको बहस प्रारम्भ गरौं।”

संविधान संशोधनको विषयले ठीक ढङ्गले लय पक्रेन भने मुलुक नयाँ द्वन्द्वमा जाने उहाँको भनाइ थियो। “संविधान केवल कागजी दस्तावेज मात्र होइन, यो त जीवन्त प्रकृया हो”, सभापति थापाले भन्नुभयो, “संविधान संशोधनका विषयलाई ऐतिहासिक दृष्टिकोण र चेतबाट हेनुपर्छ, यो आवेश र उत्तेजनामा आई गर्ने कुरा होइन, संविधान संशोधन आफैमा संवेदनशील विषय हो।”

लोकतन्त्र, विधिको शासन, नागरिक अधिकार र संविधानवादका आधारभूत विषयबाहेक संविधान संशोधनका हरेक मुद्दामा नेपाली कांग्रेस बहस गर्न तयार रहेको सभापति थापाले उल्लेख गर्नुभयो। उहाँले नेपाली कांग्रेस राष्ट्रिय राजनीतिक शक्ति भएकाले लोकतन्त्र र नागरिक अधिकार रक्षाको मुख्य जिम्मेवारी पनि कांग्रेससँग रहेको धारणा राख्नुभयो।

“संसद्मा सानो पार्टी भए पनि राष्ट्रिय भूमिकाका हिसाबले हामी राष्ट्रिय पार्टी हो”, सभापति थापाले भन्नुभयो, “संविधानको सर्वोच्चता र नागरिक अधिकारमाथि कुनै पनि किसिमको खेलवाड हुन हामी दिँदैनौं।”

नेपाल जस्तो मुलुकमा संसदबाट कार्यकारी प्रमुख चुनिने शासकीय स्वरुप र मिश्रित निर्वाचन प्रणाली नै उपयुक्त हुने उहाँले बताउनुभयो। प्रदेश सरकार र स्थानीय तहलाई अधिकारसम्पन्न बनाउनुपर्ने सभापति थापाले जिकिर गर्नुभयो। सरकारसँग कांग्रेसले कुनै पूर्वाग्रह नराख्ने उहाँले उल्लेख गर्नुभयो। पाँच वर्ष सरकार चलाउन जिम्मेवारी राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको उल्लेख गर्दै सभापति थापाले सरकारले कमीकमजोरी गर्दा भने प्रमुख प्रतिपक्षी दलका हिसाबले सधैं खबरदारी गरिरहने बताउनुभयो।

विचार गोष्ठीमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीयतालाई थप सुदृढ गनुपर्ने बताउनुभयो। सङ्घीयता कार्यान्वयनका क्रममा देखिएका विकृतिलाई हटाउनुपर्ने उहाँको भनाइ थियो। सङ्घीय सरकारले कानुन निर्माण नगरेका कारण पनि प्रदेश सरकारका कानुन कार्यान्वयनमा चुनौती देखिएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लले लोकतन्त्रका आधारभूत मूल्यमान्यतामा आँच नआउने गरी संविधान संशोधनको विषयलाई अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो। विचार गोष्ठीमा नेपाली कांग्रेसका नेता चन्द्र भण्डारी, कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्राज शर्मा, प्रजातान्त्रिक विचार समाज, कास्कीका अध्यक्ष शिशुकला पराजुलीलगायतले संविधान संशोधनको आवश्यकता र औचित्यका विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो।

विचार गोष्ठीमा अधिवक्ता कपिलमणि दाहालले संविधान संशोधनका विषयमा कार्यपत्र गर्नुभएको थियो भने कार्यपत्रमाथि गण्डकी प्रदेश सरकारका मुख्य न्यायाधीवक्ता चिरञ्जीवी शर्माले टिप्पणी गर्नुभएको थियो।

# गोली र लागुऔषधसहित एक जना पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३ साउन।** धनुषा प्रहरीले सर्टगनमा प्रयोग हुने तीन राउन्ड गोली र लागुऔषधजस्तो देखिने पदार्थसहित शनिबार एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार इलाका प्रहरी कार्यालय भरतपुर धनुषाबाट खटिएको प्रहरी टोलीले लुकाइछिपाइ राखिएको अवस्थामा ०.०१० ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ तथा सर्टगनमा प्रयोग हुने तीन राउन्ड गोलीसहित धनुषाको गणेमान चारनाथ नगरपालिका-३ विश्रामपुरका २० वर्षीय मुकेश दासलाई पक्राउ गरेको हो।

दासले घरको छानोमा कोरा बालोमा कालो प्लाष्टिकमा लुकाइछिपाइ राखेको अवस्थामा सर्टगनको तीन थान गोली र निजले लगाएको ट्याकसुटको खल्तीबाट लागुऔषधजस्तो देखिने पदार्थ बरामद भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार बरामद गरिएको पदार्थ लागुऔषध हो वा होइन भन्ने विषयमा थप परीक्षण भइरहेको छ। पक्राउ परेका माथि लागुऔषध तथा हतियारसम्बन्धी कसुरअन्तर्गत आवश्यक अनुसन्धान अघि बढाइएको उहाँले बताउनुभयो।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*